**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्दीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर, काठमाण्डौं**

# दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालयमा प्रदान गरिने शिक्षा प्रतिको धारणा

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

स्नातकोत्तर तहको दोस्रो बर्षको ED.C.E ५९८ पत्रको आंशिक आवश्यकता

पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**

बाबुराम पौडेल

परीक्षा रोल नं. २८०००७/०६७

त्रि.वि.वि.दर्ता नं. ९–२–२९–१६३५–२००५

**प्रस्तुत**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रिय विभाग

किर्तिपुर, काठमाण्डौं

२०७०

## शोध निर्देशकको सिफारिस

**दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालयमा प्रदान गरिने शिक्षा प्रतिको धारणा** नामक शीर्षकको प्रस्तुत शोध पत्र श्री बाबुराम पौडेलले मेरो निर्देशनमा तयार गर्नु भएको हो । स्थलगत अध्ययन गरी मेहनत पूर्वक स्वतन्त्र रुपमा अध्ययन गरिएको यो सोधपत्रलाई त्रिभूवन विश्वविद्यालय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागमा मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...........................

सह-प्रा.जनार्दन घिमिरे
शोध सुपरिवेक्षक

मितिः २२/१०/२०७०(5/2/2014)

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्दीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर, काठमाण्डौं**

## शोधपत्र मूल्याङ्कन समितिको स्वीकृति पत्र

तपसिलका हामी हस्ताक्षरकर्ताले स्नातकोत्तर शिक्षा (एम.एड) उपाधिका निमित्त आंशिक आवश्यकता पूरा गर्न श्री बाबुराम पौडेलले **"दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालयमा प्रदान गरिने शिक्षा प्रतिको धारणा"** शीर्षकको शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.स्वयं प्रकाश ज.व.रा. ..........................
(विभागीय प्रमुख पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)

२.सह-प्रा.जनार्दन घिमिरे ...........................
(शोध निर्देशक)

३. प्रा.कुल नरसिंह श्रेष्ठ .........................
(वाह्य पर्यवेक्षक)

मितिः २९/१०/२०७०(12/2/2014)

## कृतज्ञताज्ञापन

अनुसन्धान सानो वा ठूलो जुनसुकै भएपनि एक गम्भीर एवम् जटिल कार्य हो । त्यसैले कुनैपनि अनुसन्धान कार्य एक्लो व्यक्तिको प्रयासवाट सम्भव हुँदैन । यसका निमित्त धेरै व्यक्तिहरुको सहयोग, सुझावको आवश्यकता पर्दछ । प्रस्तुत अनुसन्धान पूरा गर्न विभिन्न महानुभावहरुले विभिन्न तवरवाट आफ्नो वहुमुल्य सहयोग दिनुभएको छ ।

सर्वप्रथम प्रस्तुत शोधपत्रका शोध निर्देशक गुरु जनार्दन घिमिरेले आफ्नो व्यस्त समयका विच पनि आफ्नो महत्वपुर्ण समय दिनुका साथै अमुल्य सरसल्लाह, सूझाव दिई विशेष तवरले शोधपत्रलाई गहनतापुर्वक सम्पन्न गराउन विशेष भूमिका निभाउनु भएको हुँदा त्यसका निमित्त म उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान कार्य गर्न स्वीकृति प्रदान गर्ने त्रि.वि.शिक्षाशास्त्र संकायको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग प्रति आभार व्यक्त गर्दछु । शोधकार्य गर्ने क्रममा सूचना संकलन गर्न प्रत्यक्ष सहयोग गरी दिनुहुने जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेका प्रधानाध्यापक, स्रोत शिक्षक,अन्य शिक्षक, दृष्टिविहीन विद्यार्थी भाइवहिनीहरु र अमुल्य समय अनुसन्धान कार्यमा सुम्पेर मेरो अनुसन्धान कार्यमा सहयोग पुर्‍याईदिनु हुने दिदी सम्झना वुढाथोकीप्रति कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न छलफल, सहयोग र सद्भाव प्रदान गरी सहयोग गर्ने माता दक्षकुमारी पौडेल, पिता प्रेम प्रसाद पौडेल, दाजु नारायण प्रसाद पौडेल, केशव प्रसाद पौडेल, दिदी अम्वीका पौडेल, वहिनीहरु ममिता पौडेल, लिला देवी पौडेल र इन्दिरा पौडेल र मामा शुक्र प्रसाद भट्टराई, नारद प्रसाद भट्टराई, माईजु भवानी भट्टराई प्रति आभार व्यक्त गर्दछु ।

अन्तमा प्रस्तुत शोधपत्रलाई समयमा नै कम्प्युटर प्रीन्ट गरी सहयोग पुर्‍याईदिने भाई विष्णु खड्कालाई धन्यवाद दिन चाहन्छु ।

बाबुराम पौडेल

चैत्र, २०७०

# शोधसार

प्रस्तुत अध्ययन **दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालयमा प्रदान गरिने शिक्षा प्रतिको धारणा** शीर्षकमा तयार पारिएको छ । दृष्टिविहीन भन्नाले सामान्य मानिस वा बालबालिकाहरु समान आँखा देखेर बाहिरी भौतिक संसार र आफ्ना बास्तविक शारीरिक बनावटको र अन्य कुनैपनि वस्तुको बास्तविक आकृतिको पहिचान गर्न र भन्न नसक्ने अवस्थामा रहेको आँखाको हेर्ने क्षमता नभएको तथा कमी भएको अवस्थालाई बुझाउँछ ।

यस अध्ययनले विशेष शिक्षा कार्यक्रम अन्तर्गतका दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारणा, कक्षाहरुको वर्तमान अवस्था, रुची, समस्याको अध्ययन गर्ने उद्देश्यले यो अध्ययन सञ्चालन गरिएको छ । यसैगरी  स्रोत विद्यालय शिक्षाले दृष्टिविहीन बालबालिकाहरुको दैनिक जीवनमा के कस्ता सहयोग पुगेको छ, के कस्ता पक्षलाई समेटेर जान सफल भएको छ भन्ने सवालमा आधारित भई यो अध्ययन कार्य सम्पन्न गरिएको छ ।

यो अध्ययन उदयपुर जिल्लामा दृष्टिविहीन बालबालिकाहरुलाई शिक्षा दिने उद्देश्यले सञ्चालित विशेष शिक्षा कायक्रमसँग सम्बन्धित विद्यालय श्री जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेसँग मात्र केन्द्रित रहेको छ । यो अध्ययन ढाँचा मुख्यतः गुणात्मक र मिश्रित प्रकृतिको रहेको छ । सूचना सँकलनका लागि प्राथमिक स्रोत र द्वितीय स्रोत दुवैको प्रयोग गरिएको छ । अध्ययनका सहभागीहरुको छनौट गर्दा उद्देश्यात्मक नमूना विधिको प्रयोग गरिएको छ । अध्ययन कार्य सम्पन्न गर्नको लागि अन्तर्वाता निर्देशिका, सहभागितामूलक अवलोकन र सर्वेक्षण फारम जस्ता साधनहरुको प्रयोग गरिएको छ ।

दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालयमा दिईने शिक्षा प्रतिको धारणा, कक्षाहरुको वर्तमान अवस्था, रुची, समस्याको अध्ययन अवस्था थाहा पाउन प्रत्यक्ष कक्षा अवलोकन, दृष्टिविहीन बालबालिकाहरुसँग असंरचित प्रश्नावलीहरुको प्रयोग, प्रधानाध्यापक, स्रोत शिक्षकसँगको अन्तर्वाता, छलफल गरिएको थियो । आवासको अवस्था थाहापाउन आयासँग पनि छलफल गरिएको थियो । विद्यालयको भौतिक संरचना र शैक्षिक पक्षलाई हेर्दा कक्षा कोठाको भवनका अवस्था जिर्ण रहको पाईयो । कक्षाकोठाहरु, भवनहरु तथा फर्निचरहरु दृष्टिविहीन बालबालिकामैत्री नरहेको भेटियो । उपयुक्त र

सहज रुपमा दृष्टिविहीन बालबालिकाहरुले शौचालय जानसक्ने गरी निर्माण नभएको र दृष्टिविहीनकालागि छुट्टै शौचालयको व्यवस्था पनि नभएको भेटियो । पाठ्यक्रम, शिक्षक निर्देशिका, पर्याप्त शैक्षिक सामग्री र पाठ्यपुस्तकको अभावका कारण के सिकाउने, कसरी सिकाउने कस्ता कुरालाई प्रमुखता दिएर सिकाउने भन्ने कूरामा शिक्षकहरु अन्योल रहेको भेटियो ।

हालको एकिकृत रुपमा सँचालित विद्यालयीय स्तरीय दृष्टिविहिन बालबालिकाहरुको विशेष शिक्षा उपयुक्त र सही रुपमा प्रयोग भएको पाईएन । शिक्षाले आफूमाथि हुने हिंसा, अपमान प्रति आवाज उठाउन सिकाएको, म पनि केही गर्न सक्छु भन्ने आत्म मनोवल बढाएको, समाजको हेर्ने दृष्टिकोणमा परिवर्तन आएको सबैबाट माया र स्नेह तथा सहयोग प्रदान भएको जस्ता प्रतिक्रियाहरु व्यक्त गरेका थिए । विद्यालयमा भएका शैक्षिक सामग्रीहरुको पनि सुरक्षा र सदुपयोग नभएको जथाभावि सामग्री राखिएको, भवनको छानो जीर्ण अवस्थामा पुगेकोले शिक्षण र अध्ययन गर्न समस्या रहेको पाइयो ।

दृष्टिविहीन बालबालिकाहरु सामान्य किसिमका गणितीय समस्याहरु समाधान गर्नसक्ने, पैसा छामेर चिन्न सक्ने जस्ता सामान्य समस्याहरु हलगर्न सक्ने भएकोले उनीहरुको मनोवल बढेको पाइयो । यसकारण यी दृष्टिविहीन बालबलिकाहरुलाई आवश्यक शैक्षिक सामग्री र विद्यालय भवनको वातावरणमा सम्बन्धित निकायले ध्यान दिने हो भने र सीपमुलक कार्यक्रम अगाडि बढाएमा बालबालिकाहरु समाजमा आत्मनिर्भर भएर स्वतन्त्र जीवन यापन गर्न सक्षम हुने देखिन्छ । संगीत बाध्यबाधन सम्बन्धी कुनैपनि किसिमका शैक्षिक सामग्री नभएको र शिक्षकले पनि सो पक्षमा शिक्षण गराउन नसकेको भन्ने गुनासो रहेको पाईयो । यसका लागि शिक्षक एवं आयालाई तालिमको व्यवस्था गरिनु पर्ने, समयमा नै पाठ्यपुस्तकको उपलब्धता, शिक्षक दरबन्दी थप गर्नुपर्ने, बालबालिकाको स्तर अनुसार कक्षा चढाउने व्यवस्था हुनुपर्ने देखिन्छ । कक्षाकोठा, फर्नीचर, आवसगृह, चमेना गृह, पुस्तकालय जस्ता महत्वपुर्ण पक्षमा सम्बन्धि पक्षको विशेष ध्यान जानुपर्ने देखिन्छ । सीपमूलक तालिमको व्यवस्था, प्रत्येक विद्यालयमा दृष्टिविहीन बालबालिकाहरुलाई समायोजन गर्न सकिने वातावरण एवं राष्ट्रिय पाठ्यक्रममा दृष्टिविहीनका लागि आवश्यक शिक्षा सम्बन्धी कार्यक्रमलाई पनि समावेश गरी समाहित शिक्षाको व्यवस्थालाई व्यवहारिक रुपमा अगाडि लानुपर्ने निष्कर्ष यो अध्ययनको रहेको छ ।

विषयसूची

| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| परिच्छेद एक : परिचय | १-१० |
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ अध्ययनको परिसीमाहरु | ८ |
| १.७ शब्दावलीको परिभाषा | १० |
| परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन | ११-१८ |
| २.१ साहित्यको पुनरावलोकन | ११ |
| २.२ सैद्धान्तिक खाका | १६ |
| परिच्छेद तीन :अनुसन्धानात्मक विधि | १९-२५ |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १९ |
| ३.२ अध्ययन क्षेत्र छनौट | २० |
| ३.२.१ सहभागीहरुको छनौट | २१ |
| ३.३ सूचनाको स्रोतहरु | २२ |
| ३.३.१ प्राथमिक श्रोत | २२ |
| ३.३.२ द्वितीय श्रोत | २२ |
| ३.४ सूचना संकलनका साधनहरु | २२ |
| ३.४.१ अन्तर्वार्ता निर्देशिका | २२ |
| ३.४.२ विद्यालय सर्वेक्षण फाराम | २३ |
| ३.४.३ कक्षा अवलोकन फारम | २३ |
| ३.५ सूचना संकलन प्रक्रिया | २३ |
| ३.५.१ अन्तरवार्ता | २४ |

३.५.२ अवलोकन २४

३.६. सूचनाको विश्लेषण प्रक्रिया २४

परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या २६-३७

४.१ विशेष शिक्षा श्रोतकक्षाको वर्तमान अवस्था २६

४.१.१. भौतिक व्यवस्थापनको अवस्था २७

४.१.२ प्रशासनिक व्यवस्थापन अवस्था २९

४.१.३ प्राज्ञिक व्यवस्थापनको अवस्था ३०

४.१.४ दृष्टिविहीन विद्यार्थीहरुको विवरण ३२

४.२ दृष्टिविहीन विद्यार्थीहरुको शैक्षिक पक्ष ३३

४.३ स्रोतकक्षा प्रतिको दृष्टिविहीन बालबालिकाहरुको धारणा ३४

४.४ स्रोतविद्यालयमा देखिएका समस्याहरु ३६

परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु ३८-४२

५.१ प्राप्ति ३८

५.२ निष्कर्ष ३९

५.३ सुझावहरु ४०

५.३.१ नीतिगत तहका लागि सुझावहरु ४०

५.३.२ अभ्यास तहका लागि सुझाव ४१

५.३.३ अनुसन्धान तहका लागि सुझाव ४२

सन्दर्भसूची ४३-४४

अनुसूची १ ४५-५०

अनुसूची २ ५१-५२